परिर्वतनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २९६ पष्ठ ४ २०८३ साउन ३० गते शनिबार 14 August, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# गौशालामा दुर्गा पूजा तथा मेला व्यवस्थापन समिति गठन



● टक नेपाल

महोत्तरीको गौशाला नगरपालिकामा बडादशैंको अवसरमा आयोजना हुने दुर्गा पूजा तथा मेलालाई व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न 'दुर्गा पूजा समिति-२०८३' गठन गरिएको छ।

गौशाला नगरपालिका-५ स्थित गौशाला बजारको ऐतिहासिक दुर्गा मन्दिर परिसर मा शुक्रबार आयोजित भेलाले धिरजकुमार साहको अध्यक्षतामा नयाँ समिति गठन गरेको हो । वडा नं. ५ का वडाध्यक्ष ओमप्रकाश गुप्ताको अध्यक्षतामा सम्पन्न भेलाले उपाध्यक्षमा अभिषेककुमार गुप्ता र सुनिलकुमार साह, सचिवमा हेमन्त कुमार सिंह, महासचिवमा शुभमप्रसाद साह तथा कोषाध्यक्षमा धर्मेन्द्र कुशवाहा (भिलेन्द्र) चयन गरेको छ।

त्यस्तै, सदस्यहरूमा सुरजकुमार गुप्ता, शिवजी साह, प्रशान्त कुशवाहा, धिरज शाह सोनार र अमनकुमार साह रहेका छन्। भेलाले पूजा तथा मेला अवधिमा सुरक्षा, सरसफाइ, श्रद्धालुको सहज आवागमन तथा भीड व्यवस्थापनलाई प्राथमिकतामा राख्दै कार्यक्रम शान्तिपूर्ण र मर्यादित रूपमा सञ्चालन गर्ने निर्णय गरेको छ।

वडाध्यक्ष गुप्ताले धार्मिक तथा सांस्कृतिक महत्व बोकेको दुर्गा पूजा तथा मेलाले स्थानीय परम्परा र सामाजिक सद्भावलाई थप मजबुत बनाउने भएकाले यसको सफल आयोजनाका लागि वडा कार्यालयले आवश्यक सहजीकरण गर्ने बताउनु भयो।

समितिका अध्यक्ष धिरजकुमार साहले यस वर्षको पूजा तथा मेलालाई विगतका वर्षभन्दा थप व्यवस्थित र भव्य बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले श्रद्धालु तथा भक्तजनलाई सहज रूपमा पूजा-आराधना गर्ने वातावरण सिर्जना गर्नु समितिको प्रमुख प्राथमिकता रहेको बताउँदै सुरक्षा, सरसफाइ र भीड व्यवस्थापनमा विशेष ध्यान दिइने उल्लेख गर्नुभयो।

यसैगरी, पाँच सदस्यीय सल्लाहकार समिति पनि गठन गरिएको छ। सल्लाहकार मा वडाध्यक्ष ओमप्रकाश गुप्ता, मनोजकुमार साह, अर्जुन मण्डल, अमित कुमार साह र पूर्वअध्यक्ष उपेन्द्र साह रहेका छन्।

गौशालाको दुर्गा मन्दिरमा बडादशैंका अवसरमा प्रत्येक वर्ष ठूलो संख्यामा श्रद्धालुको सहभागितामा पूजा तथा मेला आयोजना हुँदै आएको छ । यस वर्ष पनि धार्मिक तथा सांस्कृतिक परम्परालाई निरन्तरता दिँदै मेलालाई थप व्यवस्थित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्ने तयारी थालिएको समितिले जनाएको छ।

# सोनमामा अशक्त ज्येष्ठ नागरिकलाई घरमै सामाजिक सुरक्षा भत्ता



● टक नेपाल

महोत्तरीको सोनमा गाउँपालिकाले पूर्ण रूपमा अशक्त तथा बैंकसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिकलाई घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ।

गाउँपालिका अध्यक्ष विशेश्वरप्रसाद यादवको विशेष निर्देशन तथा सामाजिक सुरक्षा शाखा प्रमुख दीपककुमार यादवको समन्वयमा भत्ता वितरण गरिएको हो। सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको जिम्मेवारी पाएको मल्टीपर्पस फाइनान्स लिमिटेडका प्रतिनिधिहरूले गाउँपालिकाका लक्षित लाभग्राहीको घरदैलोमै पुगेर भत्ता हस्तान्तरण गरेका हुन्।

बढ्दो उमेर, शारीरिक अशक्तता तथा विभिन्न स्वास्थ्य समस्याका कारण बैंकसम्म पुगेर लामो समय लाइन बस्न कठिन हुने ज्येष्ठ नागरिकलाई लक्षित गरी घरदैलोमै भत्ता उपलब्ध गराइएको गाउँपालिकाले जनाएको छ। घरमै सामाजिक सुरक्षा भत्ता पाएपछि ज्येष्ठ नागरिक तथा उनीहरूका परिवार खुसी भएका छन्।

गाउँपालिका अध्यक्ष यादवले शारीरिक रूपमा अशक्त तथा वृद्धवृद्धालाई भत्ता लिनकै लागि बैंकसम्म धाउनुपर्ने बाध्यताको अन्त्य गर्दै स्थानीयस्तरमै सहज सेवा उपलब्ध गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "हाम्रो मुख्य उद्देश्य नै जनतालाई सिंहदरबार गाउँ - गाउँमा आएको वास्तविक अनुभूति गराउनु हो। शारीरिक रूपमा अशक्त र वृद्धवृद्धालाई भत्ता लिनकै लागि बैंकसम्म धाउनुपर्ने र सास्ती खेप्नुपर्ने अवस्थाको अन्त्य गर्न हामीले यो कदम चालेका हौं।"

मल्टीपर्पस फाइनान्स लिमिटेडका प्रबन्धकले स्थानीय सरकारसँगको समन्वयमा बैंकसम्म आउन नसक्ने पूर्ण अशक्त नागरिकलाई सुरक्षित र पारदर्शी रूपमा घरमै भत्ता उपलब्ध गराइएको बताउनु भयो। आगामी दिनमा पनि यस्तो समन्वयलाई थप प्रभावकारी बनाउने उहाँको भनाइ छ।

गाउँपालिकाको सामाजिक सुरक्षा शाखाले लक्षित वर्गका नागरिकलाई सहज रूपमा सेवा उपलब्ध गराउने यस्ता कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिने जनाएको छ।







साइवर अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखौं, पासवडलाइ नियमित रुपमा पवितन गारैं।
- अपर्िचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपर्िचित व्यक्तिले युर्जरनेम पासवड मागे नदिऔं ।
- ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔ । त्यस्ता कल पटक पटक आए ब्लक गारै ।
- आफना व्यक्तिगत विवणहरु (ओटिपी, युर्जरनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, राहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगारै, सुक्षित राखौं ।

गौशाला नगरपालिका,
महोत्तरी, मधेश प्रदेश

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### निष्पक्षता, सेवा र मर्यादाको बाटो

सार्वजनिक जीवनमा पद, प्रतिष्ठा र राजनीतिक सम्बन्धभन्दा चरित्र, व्यवहार र कर्मको महत्व ठूलो हुन्छ । लामो समय सरकारी सेवामा रहेर प्राप्त गरेको अनुभवलाई अवकाशपछि व्यक्तिगत स्वार्थभन्दा माथि उठाई समाजको हितमा प्रयोग गर्ने प्रतिबद्धता आफैंमा प्रशंसनीय सोच हो । अझ पूर्व कर्मचारी समाज जस्तो संस्थाको नेतृत्व गर्दा गैरदलीय, निष्पक्ष, पारदर्शी र सेवामुखी भूमिका निर्वाह गर्ने संकल्पले संस्थाप्रतिको विश्वास बलियो बनाउन सक्छ ।

राजनीतिक दलमा आबद्ध नरही स्वतन्त्र नागरिकका रूपमा सार्वजनिक जीवन अघि बढाउने निर्णयले निष्पक्षता र नागरिक उत्तरदायित्वलाई प्राथमिकता दिएको देखिन्छ। तर निष्पक्षता भन्नाले सार्वजनिक विषयमा मौन बस्नु होइन। सुशासन, कानूनको पालना, सार्वजनिक उत्तरदायित्व र जनहितका विषयमा तथ्य र प्रमाणका आधारमा मर्यादित धारणा राख्नु पनि जिम्मेवार नागरिकको दायित्व हो ।

त्यसैगरी, पेशागत जीवनमा सत्यनिष्ठा, वस्तुनिष्ठता, गोपनीयता र कानूनको पालना अपरिहार्य छन्। पूर्व सरकारी सेवाबाट प्राप्त अनुभव र सम्बन्धलाई व्यक्तिगत लाभका लागि प्रयोग नगर्ने प्रतिबद्धता पनि उत्तिकै महत्वपूर्ण छ।

धर्मलाई विभाजन होइन, संस्कार र सदाचारको स्रोत मान्नु तथा सामाजिक सेवालाई प्रचारभन्दा परिणामसँग जोड्नु आजको समाजमा अनुकरणीय दृष्टिकोण हो । सामाजिक सञ्जालमा अपुष्ट सूचना, व्यक्तिगत आरोप र अनावश्यक विवादबाट टाढा रहने संकल्पले सार्वजनिक संवादलाई स्वस्थ बनाउन सक्छ ।

अन्ततः जीवनको सार पदमा होइन, पदबाट बाहिरिएपछि देखिने व्यवहारमा हुन्छ। सत्य, कानून, निष्पक्षता, संयम र सेवाको बाटोमा निरन्तर हिँड्ने प्रतिबद्धता व्यवहारमा कार्यान्वयन हुन सके मात्र यस्तो आचारसंहिता सार्थक बन्नेछ । बोलीभन्दा व्यवहार र पदभन्दा चरित्रलाई प्राथमिकता दिन सक्नु नै सार्थक सार्वजनिक जीवनको वास्तविक परिचय हो ।




# प्रादेशिक अस्पताल जलेश्वरमा एक महिनादेखि अल्ट्रासाउन्ड सेवा बन्द

● टक नेपाल ।

प्रादेशिक अस्पताल जलेश्वरमा भिडियो एक्सरे (अल्ट्रासाउन्ड) सेवा बन्द भएको करिब एक महिना हुन लाग्दा पनि सेवा पुनः सञ्चालनका लागि ठोस पहल भएको देखिएको छैन ।

भिडियो एक्सरे गर्ने चिकित्सकलाई प्रोत्साहन भत्ता (इन्सेन्टिभ) उपलब्ध नगराइएका कारण उक्त सेवा साउन २ गतेदेखि बन्द रहेको छ । सेवा बन्द भएपछि उपचारका लागि अस्पताल पुग्ने गर्भवती महिलाले सास्ती भोग्नुपरेको छ। उनीहरू चेकजाँचका लागि निजी स्वास्थ्य संस्थामा जान बाध्य भएका छन् ।

अस्पताल प्रशासनले प्रारम्भमा प्राविधिक कारण देखाउँदै सेवा बन्द भएको सूचना टाँसेको थियो । तर प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालय प्रमुख डा. रवि श्रीवास्तवले इन्सेन्टिभसम्बन्धी समस्याका कारण सेवा बन्द भएको स्वीकार गर्नुभयो ।

उहाँका अनुसार भिडियो एक्सरे गर्ने चिकित्सक डा. रोशन साहले इन्सेन्टिभ नदिएसम्म सेवा नदिने अडान लिएपछि सेवा अवरुद्ध भएको हो । "हामी सेवा पुनः सञ्चालनका लागि प्रयासरत छौँ," डा. श्रीवास्तवले भन्नुभयो ।




आर्थिक वर्ष २०८२/८३ का लागि चिकित्सकलाई इन्सेन्टिभ उपलब्ध नगराइएकाले समस्या उत्पन्न भएको उहाँले बताउनुभयो। अस्पताल व्यवस्थापन समिति र प्रशासन दुवैले समस्या समाधानका लागि पहल गरिरहेको उहाँको भनाइ छ ।

प्रादेशिक अस्पताल जलेश्वरका अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रोहितप्रसाद ठाकुरले जेठ २८ गते बसेको समितिको बैठकले इन्सेन्टिभ उपलब्ध गराउने निर्णय गरे पनि कार्यान्वयन नभएकाले समस्या देखिएको बताउनुभयो। "समितिको निर्णयअनुसार इन्सेन्टिभ किन वितरण भएन भन्ने विषयमा पनि हामीले सोधखोज गरिरहेका छौँ," उहाँले भन्नुभयो ।

अस्पतालमा भिडियो एक्सरे सेवा बन्द भएपछि बिरामीहरू निजी स्वास्थ्य संस्थामा महँगो शुल्क तिरेर सेवा लिन बाध्य भएका छन्। आर्थिक अवस्था कमजोर भएका सेवाग्राही बढी प्रभावित भएका छन् । अस्पताल प्रशासनका अनुसार दैनिक एक दर्जनभन्दा बढी महिला भिडियो एक्सरे गराउन अस्पताल आउने गरेका छन् ।

जलेश्वरका युवा दिपु कापरले अस्पताल व्यवस्थापन समिति र प्रशासनबिचको असमझदारीका कारण बिरामीले समस्या भोग्नुपरेको बताउनुभयो । उहाँले सम्बन्धित पक्षलाई तत्काल समस्या समाधान गरी सेवा पुनः सञ्चालन गर्न आग्रह गर्नुभयो ।

सेवा सञ्चालनका लागि प्रयास भइरहेको दाबी गरिए पनि सम्बन्धित पक्षबिच समन्वयको अभावले समस्या समाधान हुन नसकेको स्थानीयको गुनासो छ ।

# दाम्पत्य प्रेमको कामनासहित मनाइने मधुश्रावणी आज समापन



● टक नेपाल

मिथिलाञ्चल क्षेत्रमका नवविवाहिता मिथिलानीले शनिबार मधुश्रावणी पर्व समापन गर्दैछन् । मिथिलाञ्चलमा मौनापञ्चमी भनिने साउन कृष्ण पञ्चमीका दिन मिथिलानीले सुरु गरेका यो पर्व आज १३ औँ दिन समापन गर्न लागेका हुन् । साउन कृष्ण पञ्चमीका दिन सुरु गरिने यो पर्व साउन शुक्ल त्रितीया तिथिका दिन समापन गर्ने मैथिल परम्परा छ ।

पतिपत्नीबिच प्रगाढ प्रेम सम्बन्धको कामनाका साथ नवविवाहिता मिथिलानीले यो पर्व विवाह भएको वर्षमा मनाउने चलन छ । पतिले पठाइदिने पूजा सरदाम (सामग्री)बाट यो पर्व मिथिलानीले माइतीघरमा मनाउँछन् । पतिले पठाइदिने सामग्रीमा पर्वअवधिको खाद्य सामग्री, नयाँ वस्त्र परिधान र आभूषण हुने गर्छ ।

मिथिलामा नवविवाहिता वधुले साउन कृष्ण पञ्चमीदेखि साउन शुक्ल द्वितीयासम्म व्रत विधानमा रही १२ औँ दिनको राति देब्रे घुँडामा 'टेमी' (कपासको कातेको बत्ती बालेर त्यसको लप्कोले घुँडा डाम्ने चलन) लिएर भोलिपल्ट तृतीयाका दिन पर्व सम्पन्न गर्ने परम्परा छ । यसअनुसार शुक्रबार राति बर्तालुले 'टेमी' लिएका छन् । 'टेमी' दिइएको ठाउँमा फोका उठे पति पत्नीबीच प्रेमसम्बन्ध अत्यन्त गाढा हुने विश्वास रहेको भङ्गाहा-३ की यस वर्षकी बर्तालु रञ्जु कर्ण बताउनुहुन्छ ।

पछिल्ला केही वर्षयता भने नयाँ पुस्ताका मिथिलानीले 'टेमी' लिन बलेको बत्तीको लप्काले डाम्नुको सट्टा शीतल चन्दनको लेप लगाउन थालेका छन् । घुँडा डाम्नुसँग गाढा प्रणय सम्बन्धको कुनै सम्बन्ध नरहेको बताउँदै नयाँ पुस्ताका मिथिलानीले पर्वको महत्तालाई निरन्तरता दिँदै चन्दन लेप गर्न थालेका हुन् । 'टेमी'लाई परिष्कृत गरिएको नयाँ चलन उपयुक्त रहेको शिक्षण पेसामा रहनुभएकी गौशाला-१२ की सुनिता महतोको भनाइ छ । 'टेमी' विधि घर परिवारका सबैभन्दा श्रेष्ठ महिलाका हातबाट गराइने चलन छ ।

पर्व अवधिभरि भगवान् शङ्कर, देवी गौरी (पार्वती) र विषहरा (नाग देवता)को आराधना गरिन्छ । पर्वमा बस्तीभरिकै नवविवाहित जम्मा भएर हासपरिहास र सामूहिक गायनमा रमाउँछन् । यो पर्वमा बर्तालु र उनका सखीको वस्त्र परिधानको सजधज, सामूहिक प्रणयगान र 'फूललोढी' (फूल खोज्ने) विधिले सबैको ध्यान खिच्ने गरेको छ । शिव, पार्वती (गौरी) र विषहराको आराधना गरिने यो पर्वमा भोलिपल्टको पूजाअर्चनाका लागि एक दिनअघिको सन्ध्याकालमा सामूहिकरूपमा फूल खोज्न निस्कने विधिलाई 'फूललोढी' भन्ने गरिएको छ । पर्वमा भगवान् शङ्कर र देवी गौरीलाई बासी फूल चढाउने चलन छ । पर्व समापन भएपछि बर्तालुले पर्व अवधिभरि दिनहुँ पूजा गरिएका बेलपत्र र फूल सङ्ग्रह गरेर पवित्र नदी वा तलाउमा विसर्जन गर्छन् ।

यो पर्वको मुख्य अभीष्ट नै पतिपत्नीबीच सुमधुर प्रेमसम्बन्ध हुँदा यसले मैथिल संस्कृति र पारिवारिक सद्भाव वृद्धिमा सघाउ पुर्‍याएको मैथिल लोक संस्कृतिका जानकार मटिहानी स्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) का मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ ।

वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपिल गर्ने मौसम मानिन्छ । वनको पन्छी मयूर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन् । यस्तो बेला नवविवाहिता जोडीबीच रतिरागदेखि भावनात्मक रूपमा एकाकार गराउनु पर्वको मुख्य पक्ष रहेको उपप्राध्यापक झाको भनाइ छ ।

पहिले मिथिलाका ब्राह्मण, कायस्थ, देव र सोनार जातिका महिलाले मात्र मनाउने यो पर्व अब साझा भइसकेको छ । फरक भाषा , संस्कृति र परम्पराका समुदायको छ्यासमिस बसोबासले एकअर्काका चाडवाड अप्नाउने चलन बढ्दो छ । यसैले पछिल्ला वर्षहरुमा मधुश्रावणी मिथिलाको साझा पर्व बन्दै गएको जलेश्वर-५ चौरियाकी बासिन्दा माध्यमिक विद्यालयका सामाजिक शिक्षक नायडु तिवारी बताउनुहुन्छ ।


पर्वमा शिव, पार्वती (मधुश्रावणी व्रत विधानमा पार्वतीलाई गौरी नाम दिइएको छ) र विषहराको दैनिक पूजाआराधना गरेपछि बर्तालुलाई घरकी ज्येष्ठ महिलाले मधुश्रावणी कथा सुनाउँछन् ।

यिनमा पौराणिक गाथामा आधारित मैना पञ्चमी, विषहरि, विहुला, मनसा, मङ्गला गौरी, पृथ्वीको जन्म, समुद्र मन्थन र सतीको कथा हुने गर्छन् । पर्वमा आफ्नो स्खलित भएको वीर्य भगवान् शङ्करले पातमा राखेका र त्यही वीर्यबाट पाँच नाग कन्याको जन्म भएको कथा प्रचलित छ । कुनै तलाउमा जलक्रिडाका बेला जन्मेका यी छोरी भेट्न शिव जाने गरेको र यो वृत्तान्त थाहा नपाएकी पार्वतीलाई पतिप्रति शङ्का बढेपछि पिछा गरेकी कथा छ । एकदिन छोरीहरुसँग खेलिरहेका पतिलाई देखेपछि क्रोधित भएकी पार्वतीलाई शिवले



# घाटमा उपचार : सुखद मरण

● डा. झलक गौतम




- आर्यघाटमा सयौं वर्षदेखि 'घाट वैद्य' परम्परा कायम छ
- वैद्यले अन्तिम अवस्थाका बिरामीको उपचार गर्छन्
- देवपत्तन क्षेत्र आयुर्वेद चिकित्सा र वैद्यको थलो हो
- आधुनिक चिकित्सासँगै भावना र संस्कार जोडिएको हो
- गुठी संस्थान र पशुपति विकास कोषले जोगाउनु पर्छ

नेपालमा 'घाट वैद्य' परम्परा कहिलेदेखि सुरु भयो भन्ने स्पष्ट प्रमाण अहिलेसम्म भेटिएको छैन । प्राप्त प्रमाण र स्थानीयको भनाइका आधारमा सयौँ वर्षदेखिको यो परम्परा पशुपति आर्यघाटमा हालसम्म कायम छ । पशुपति आर्यघाटमा अन्तिम अवस्थामा पुगेका बिरामी राख्न बनाइएका दुई वटा सत्तलमध्ये बागमती किनारको माथिपट्टि रहेको सत्तलमा अहिले पनि बिरामी राखेर स्वास्थ्य सेवा दिइएको छ । त्यहाँ परम्परागत रूपमा तालिम प्राप्त स्थानीय वैद्य परिवार यस कार्यमा संलग्न भई सेवालाई निरन्तरता दिइरहेका छन् ।

'घाट वैद्य' भनेको के हो ? हिन्दु परम्परामा विश्वास राख्ने मानिस अन्तिम समयमा पशुपतिलगायत तीर्थस्थलका घाटमा गएर पवित्र नदीको जल वा पशुपतिको अर्घजल मुखमा राखी, मन्त्रोच्चारणमा विष्णु भगवान्को नाम सुनेर आफ्नो प्राण जाओस् भन्ने चाहन्छन् । त्यही मान्यता अनुसार जीवनको अन्तिम क्षणमा सर्वसाधारण मानिसलाई घाटमा पुऱ्याइन्थ्यो । तुरुन्तै प्राण नगएमा घाटस्थित सत्तलमा राखेर आयुर्वेद चिकित्साको ज्ञान भएका वैद्यको निगरानीमा उपचार र सेवा दिइन्थ्यो । यो परम्पराका रूपमा त्यो सेवा दिने व्यक्तिलाई 'घाट वैद्य' भनिन्छ ।

सर्वसाधारण नागरिकलाई जीवनको अन्तिम क्षणसम्म पनि सहज ढङ्गले बाँच्न सहयोग पुगोस् भनेर घाट वैद्यको व्यवस्था गरिएको देखिन्छ । घाट वैद्यलाई 'सुखद मरण' को सिद्धान्तबाट प्रेरित गराई सेवामा खटाइएको देखिन्छ । सयौँ वर्षदेखि आर्यघाटमा यो परम्परा कायम छ ।

### देउपाटन वैद्यको थलो

पशुपतिनाथ मन्दिरको नजिक रहेको देवपत्तन (देउपाटन) मा मल्लकालदेखि नै आयुर्वेद चिकित्सा जान्ने 'वैद्य' बसोबास गरेको देखिन्छ । दिल्लीका मुस्लिम सुल्तान गयासुद्दिन तुगलकको आक्रमणमा परी पराजय भोगेका सिम्रौनगढका राजा हरिसिंहदेव आफ्नी रानी देवलदेवी र उनका अनेक विद्वान्का साथै वैद्य, धोबीलगायत प्राविधिक ज्ञान भएका मानिससहित नेपाल मण्डलभित्र भित्रिए । भक्तपुरका मल्ल राजाले सिम्रौनगढबाट आएका वैद्यलाई देवपाटनको जयवागेश्वरी मन्दिरनजिकको नवघरमा बसोबास गराएका थिए । त्यहाँ बसोबास गरेर आयुर्वेद चिकित्सामा निपुण वैद्यलाई 'राजवैद्य' को पद दिएर मल्ल राजाले उनीहरूबाट उपचार सेवा लिन्थे । देवपाटन बस्ने राजवैद्यले सिम्रौनगढका चक्रधर र देवधरदत्तद्वारा प्रतिलिपि गरिएका ग्रन्थ लेखेका प्रमाण भेटिन्छन् । नेपाल संवत् ५२३ (विसं १४६०) को एक ग्रन्थमा देवपत्तनकै उदयब्रह्म नामक वैद्यले आफूलाई 'भूत चिकित्सक' भनी बताएका छन् । 'भूत चिकित्सक' भन्नाले आधुनिक 'प्याथोलोजिस्ट' लाई बुझिन्छ । राजा रणबहादुर शाहले विसं १८५३ मङ्सिरमा देवपाटनका मेलह्मा वैद्यलाई गुठी चलाउन ताम्रपत्र गरिदिएका थिए । मेलह्मा वैद्यले राजा रणबहादुर शाहकी रानी कान्तवतीलाई क्षयरोग लाग्दा देवपत्तनमै राखी उपचारसमेत गरेका थिए । यही देवपत्तनका वैद्य पछि बसाइँसरेर पाटन र काठमाडौँको नरदेवीमा गएका प्रमाण भेटिन्छन् । हाल देवपत्तनका वैद्य परिवार मेलह्मा वैद्यको वंशवृक्ष तयार गर्ने काममा लागिरहेका छन् ।

अर्को महत्वपूर्ण विषय जयवागेश्वरी मन्दिरनजिक सुन्धाराअगाडि शिखर शैलीको मन्दिरमा धन्वन्तरिलाई पूजा गरिन्छ । त्यहाँ भएको मूर्ति कहिले बन्यो, स्पष्ट समय पत्ता लगाउन सकिएन । धन्वन्तरिलाई आयुर्वेदका प्रवर्तक र सर्वरोग समन गर्न सक्ने विद्वान्का रूपमा मानिएको छ ।

### उपचार गर्ने सत्तल

मल्लकालदेखि देवपत्तनमा व्यवस्थित वैद्यको बसोबास भएकाले त्यो ठाउँ उपचारको केन्द्र हुनु स्वाभाविक देखिन्छ । काठमाडौँ/कान्तिपुरका राजा जयप्रकाश मल्ल सत्ताच्युत भएर भक्तपुरतिर भौँतारिँदा देवपत्तनका वैद्यले उनलाई आश्रय दिएका थिए । राजा रणबहादुर शाहले मेलह्मा वैद्य, लक्ष्मीनारायण दाहाल आदिलाई उपचारमा सहयोग गरेबापत विभिन्न गुठीको जिम्मेवारी दिएका थिए । त्यस समयमा बनेका उपचारगृहको प्रमाण भने अहिलेसम्म पत्ता लागेको छैन । विसं १८७० माघ १० मा राजा गीर्वाणयुद्ध विक्रम शाहले गुठी राखेर घाट वैद्यको व्यवस्था गरेका थिए । बागमती किनारमा रहेका आर्यघाट, शत्त मूलघाट, कालमोचनघाट, हनुमानघाट-भक्तपुरलगायतका महत्वपूर्ण घाटमा अन्तिम अवस्थाका बिरामीको हेरचाह गर्न वैद्यको व्यवस्था गरिएको थियो ।

विसं १९२४ तिर राजा सुरेन्द्रविक्रम शाहकी कान्छी रानी हरिप्रियादेवीले पशुपतिनाथ र बागमती तटमा ब्रह्मनालनजिक बिरामी राख्ने दुई वटा सत्तल निर्माण गर्न लगाइन् । ती दुई सत्तलमध्ये ब्रह्मनालनेरको सत्तललाई प्रधानमन्त्री चन्द्रशमशेरका समयमा जीर्णोद्धार गरी आधुनिक खालको बहुतले भवन बनाइयो । त्यो निर्माण कार्यको रेखदेख जिम्मा 'पाँडे जर्नेल' लाई दिइएको थियो । उनी प्रत्येक दिन घोडा चढेर पशुपतिनाथ क्षेत्रमा पुग्थे । पशुपति मन्दिरको पश्चिम ढोकाअगाडि रहेको तबेलामा घोडा बाँध्थे । त्यो तबेला भत्काएर अहिले फूल रोपिएको छ । बागमती पुलको पश्चिमपट्टि रहेको सत्तलमा हाल बिरामी राखेको देखिँदैन । ब्रह्मनालनेरको सत्तलमा हाल पनि अन्तिम अवस्थाका बिरामी राखी उपचार सेवा दिएको देखिन्छ । त्यस कार्यमा अहिले पनि देवपत्तनका वैद्य परिवारका सदस्य संलग्न छन् । ती सत्तलमा बिरामी राख्न सालका बाक्ला फल्याक बिछ्याइएको अहिले पनि देख्न पाइन्छ । सत्तलको भित्तामा 'नारायण भगवान्' को सालिक प्रस्तर मूर्ति राखिएको छ ।

### बिरामी राख्ने तला

कुनै समयका 'घाट वैद्य' तथा समाजसेवी, राजनीतिज्ञ/संस्कृतिकर्मी नरोत्तम वैद्यका अनुसार बिरामी राख्ने भवनमा बिरामीको स्वास्थ्य अवस्थाको जाँच गरी प्राथमिकताका आधार (ट्राएज प्रणाली) मा बिरामी राख्ने स्थानको निर्धारण गरिन्छ । चार तलाको भवनमा गम्भीर स्वास्थ्य अवस्था भएका बिरामीलाई सबैभन्दा तल्लो तलामा, मध्यम खालका बिरामीलाई दोस्रो र तेस्रो तला र केही महिनासम्म बाँच्न सक्ने सम्भावना देखिएका बिरामीलाई सबैभन्दा माथिल्लो तलामा राखी स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था विगतदेखि नै छ ।

कलेजोको अर्बुदरोग (क्यान्सर) बाट पीडित महाकवि लक्ष्मीप्रसाद देवकोटालाई पनि अन्तिम अवस्थामा केही दिनसम्म यही भवनमा राखी सेवा दिइएको थियो । महाकवि देवकोटाको २०१६ भदौ २९ गते सोही भवनमा देहावसान भएको हो । उहाँको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्न तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला आर्यघाट पुगेर 'एक पटक महाकविको मुख हेर्न चाहन्छु' भन्दै भावुक बनेका थिए । तत्कालीन शक्तिशाली प्रधानसेनापति धीरशमशेरलाई पनि अन्तिम समयतिर घाटमा लगेर पशुपतिको दर्शन गराई घाट सत्तलको नजिकै रहेको 'वज्रघर' मा केही दिन राखियो । यस्ता शक्तिशाली व्यक्तिलाई सत्तलमा नराखी वज्रघरमा राखिने चलन रहेछ । घाट सत्तलमा स्थान अभाव र सुरक्षाको कारण देखाई वज्रघरमा राखिएको बुझ्न सकिन्छ । घाट वैद्य परम्परालाई सुखद मरणको सिद्धान्तसँग जोड्न सकिन्छ ।

### वैद्यका कार्य

एसियाका हिन्दु-बौद्ध दर्शनको प्रभाव भएका नेपाल, भारत, चीनको तिब्बत, इन्डोनेसिया जस्ता देशमा जीवनको अन्तिम क्षणमा मह□वपूर्ण तीर्थ र नदीको किनारमा लगी भगवान् (विष्णु) को नाम सुनाउँदै मुखमा पवित्र जल राखिदिने चलन परापूर्वकालदेखि नै चलेको हो । नेपालका दरबारिया शाह, राणाहरूले अन्तिम प्राण आर्यतीर्थमा त्याग गर्न चाहन्थे । कतिपय सर्वसाधारण नेपाली व्यक्ति पनि अन्तिम विश्रामका लागि भारतको बनारस (काशी) पुग्थे । यस्ता तीर्थस्थलमा व्यक्तिको सहज मृत्युका लागि घाटमा वैद्य र उपचारगृहको व्यवस्था गर्ने परम्परा छ ।

घाटमा खटिएका निपुण वैद्यहरूले नाडी छामेर मृत्यु नजिक वा टाढा के छ, अन्तिम समयको अनुमान गर्न सक्छन् । त्यहाँ बसुन्जेल बिरामीलाई सहज होस् भनी केही वनस्पतिजन्य औषधी पनि प्रयोग गर्छन् । उनीहरूले तुलसी, नागेश्वर, अश्वगन्धा, सञ्जीवनी, पाषाणवेद, अलैँची, जाइफललगायतका दर्जनौँ वनस्पतिको मिश्रण प्रयोगमा ल्याउँछन् । बिरामीको मुटु-नाडीको गति, श्वास दर र आँखाको नानीको अवस्था हेरेर बिरामीको सम्भाव्य अवस्थाको जानकारी दिने शास्त्रीय र व्यावहारिक ज्ञान उनीहरूले प्राप्त गरेका हुन्छन् । सोही आधारमा उनीहरूले निर्णय गर्छन् । आर्यघाटमा घाट वैद्य हुनका लागि 'घाट वैद्य' को दीक्षा लिनु पर्छ । 'नाडी विद्या' का बारेमा अभ्यस्त हुनु पर्छ । देवपत्तनका वैद्य परिवारमा घाट वैद्य हुन चाहनेलाई चाबहिल गणेश स्थानमा लगी, कालो बोकाको बलि दिएर कसैले नसुन्ने गरी बिहीबार दीक्षा लिई त्यसपछि मात्रै काम गर्न पाइन्थ्यो । अचेल यो परम्परा सङ्कटमा परेको छ ।

अहिलेको युवापुस्ता यो कामप्रति उत्सुक देखिएको छैन । स्थानीय वैद्य परिवारमा पुर्खाले औषधी कुट्ने खल र लोहोरो (मुसल) अहिले पनि जतनका साथ संरक्षण गरेर राखेका छन् । परम्परागत रूपमा अहिले पनि गुठी संस्थान र पशुपति क्षेत्र विकास कोष अन्तर्गत घाटका लागि 'वैद्य' को दरबन्दी रहेको छ । गुठी संस्थान अन्तर्गत वैद्यको पारिश्रमिक 'बाली' का रूपमा पाउँछन् । त्यो 'बाली' का लागि बौद्ध महाकाल पानीट्याङ्कीभन्दा तल खेतमा ११ रोपनी जमिन छुट्याइएको छ । हाल घाट वैद्यको दरबन्दीमा शारदाकुमार वैद्य कार्यरत रही परम्परा चलाइरहेको देखिन्छ ।

### घाटमा बेलायती चिकित्सक

आर्यघाटमा बिरामीको सेवा गर्न परम्परागत वैद्य मात्रै होइन, बेलायती चिकित्सक पनि पुगेको इतिहासमा भेटिन्छ । विसं १९४२ मा काठमाडौँ उपत्यकामा हैजाको डरलाग्दो महामारी फैलियो । वैशाखको मध्यतिर फाटफुट रूपमा उपत्यकामा देखिएको हैजा वैशाखको अन्तिम हप्तामा एक्कासि हनुमानढोका राजदरबारमा देखा पऱ्यो । दरबारभित्र काम गर्ने दर्जनौँ कामदार बिरामी परे, तीमध्ये केहीको मृत्यु भयो । दरबारभित्र हैजाले सबैको सातो उडायो । दरबारभित्र काम गर्ने धेरै कामदारलाई दरबार बाहिर अन्यत्र पठाइयो ।

उपत्यकामा फैलिएको हैजाका कारण दैनिक ५०-६० जनाको मृत्यु हुन थाल्यो । बागमतीको घाटमा चिताको अभाव हुन थाल्यो । हैजाबाट पीडित अर्धचेत अवस्थाका बिरामीलाई उपचार गर्न तत्कालीन बेलायती दूतावासका चिकित्सक जिमलेट आफ्ना सहयोगी स्वास्थ्य सहायक साथमा लिएर आर्यघाट क्षेत्रमा उपचारका लागि खटिएका थिए । उनका अनुसार बागमती किनारमा यत्रतत्र छरिएका लास कुकुर र स्यालले खाएका थिए । यो डरलाग्दो महामारी चार महिनासम्म फैलिएको थियो । यही महामारीपश्चात् तत्कालीन प्रधानमन्त्री वीरशमशेरले 'वीरधारा' को निर्माण गरी उपत्यकाको खानेपानी प्रणालीमा सुधार गरे ।

सयौँ वर्षअघिदेखि सञ्चालनमा आएको 'घाट वैद्य' नेपालको मौलिक परम्परागत स्वास्थ्य सेवाको नमुना हो । चिकित्सा सेवाको आधुनिकतासँगै भावना र संस्कारसँग जोडिएको यो परम्परा मेटिँदै गएको छ । सर्वसाधारणको भावनात्मक र बाध्यात्मक अवस्थाको हितलाई ध्यान दिँदै नेपाल सरकारले गुठी संस्थान वा पशुपति विकास कोषमार्फत नयाँ किसिमले व्यवस्थापन गर्न सके नेपाली परम्परा जोगिन्थ्यो र कसैलाई हानि हुने थिएन । बाध्यतावश अस्पताल वा घरबाट निकालेर घाट पुऱ्याइएका अन्तिम अवस्थाका बिरामीलाई केही समय सहज वातावरणमा राख्न पाए आफन्तलाई भावनात्मक राहत पुग्थ्यो ।

बर्दिबास मिडिया
अड्डा अदालत लेखापढी, कानून व्यवसायी सम्बन्धी सम्पूर्ण काम यहाँ गरिन्छ ।
यहाँ कनुनी परामर्श दिनुको साथै फोटोकापी, अनलाईन फारम तथा साईबर सम्बन्धि सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.: ९८६३३२१०१४, ९८०७८२१०१४ ९८०१६७३२५६

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# मधेश प्रदेशका
# कर्मचारीको तलब १० प्रतिशत बढ्यो




मधेश प्रदेश सरकारले प्रदेश निजामती तथा स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको सुरु स्केलको आधार भूत तलबमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको छ।

शुक्रवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश भवनमा बसेको मन्त्रिपरिषद्को बैठकबाट आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्यको बुँदा नम्बर १११ मा गरिएको नीतिगत व्यवस्था अनुसार साउन १ गतेदेखि लागू हुने गरी कर्मचारीको तलब बढाउने  निर्णय गरिएको हो । कर्मचारीको नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड संख्या स्वीकृत गरेको मन्त्री परिषद्का प्रवक्ता अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए।

स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ -८) बमोजिम निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिने उनले बताए । त्यसैगरी, प्रदेश सरकारले कर्मचारी लाई कार्यसम्पादनका आधारमा सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिने कार्यविधि पनि स्वीकृत गरेको छ।

कार्यसम्पादन मूल्यांकनमा १०० अंकमध्ये कम्तीमा ७५ अंक प्राप्त गर्ने कर्मचारीले मात्रै यस्तो भत्ता पाउने बैठक पश्चात मुख्यमन्त्री कार्यालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । कार्यसम्पादन मूल्यांकन मा कार्य विवरण परिसूचकलाई ५० र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाह परिसूचकलाई ५० अंक दिइएको छ । प्रोत्साहन भत्ता प्राप्त गर्न विद्युतीय हाजिरी अनिवार्य गरिएको छ। मूल्यांकन, रुजु तथा सिफारिसका लागि प्रत्येक कार्यालयमा तीन सदस्यीय परीक्षण इकाइ गठन गर्ने सिफारिस गरिएको छ।

बैठकले सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' समेत स्वीकृत गरेको छ । निर्देशिकाले सरकारी बजेट कार्यान्वयन र खर्चलाई व्यवस्थित गर्दै फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने सरकारको अपेक्षा छ। त्यस्तै, जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेको असर न्यूनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको 'क्लाइमेटिक एडाप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फर क्लाइमेट रेजिलियन्ट भ्यालु चेन्स फर फुड सिस्टम ट्रान्सफर्मेसन इन मधेश प्रदेश, नेपाल' सम्बन्धी अध्ययन प्रतिवेदन पनि मन्त्रिपरिषद्ले सर्वसम्मतिले अनुमोदन गरेको छ।

प्रतिवेदनका निष्कर्ष र रणनीतिलाई कार्यान्वयनमा ल्याउने तथा सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने निर्णयसमेत बैठकले गरेको छ। यसबाट मधेशको कृषि तथा खाद्य प्रणालीलाई जलवायु उत्थानशील बनाउन राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग पुग्ने सरकारका अर्थमन्त्री भट्टराईले बताए।

यसैगरी प्रदेश सरकार तथा अन्य सार्वजनिक निकायले प्रयोग गर्दै आएका सरकारी सवारी साधनको खरिद, सञ्चालन, व्यवस्थापन, मर्मत तथा रेखदेखलाई व्यवस्थित गर्न छुट्टै मापदण्ड बनाउने निर्णय भएको छ । त्यसका लागि विभिन्न मन्त्रालयका प्रतिनिधि रहने गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिव को संयोजकत्वमा समिति गठन गरिनेछ। समितिले १५ दिनभित्र आवश्यक कार्यविधिको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेस गर्नुपर्नेछ।

# ४३ वर्षदेखि फरार ज्यान
# मुद्दाका दोषी ८० वर्षीय यादव पक्राउ

• टक नेपाल

ज्यानसम्बन्धी मुद्दामा दोषी ठहर भई ४३ वर्षदेखि फरार रहेका सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-५ खरुक्याहीका ८० वर्षीय ठकाइ यादव पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेश बहादुर पालका अनुसार यादवलाई साधुको भेषमा खरुक्याहीस्थित शिव मन्दिर मा बसिरहेको अवस्थामा बिहीबार पक्राउ गरिएको हो । इलाका प्रहरी कार्यालय लक्ष्मीपुर पतारीबाट प्रहरी निरीक्षक विशाल मल्लको नेतृत्वमा खटिएको टोलीले उनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेका यादवलाई जिल्ला अदालत सिरहामा उपस्थित गराइसकिएको छ।

प्रहरी अभिलेखअनुसार २०४१ साल वैशाख १ गते स्थानीय मन्दिरमा बोका चढाउने विषयमा भएको विवादका क्रममा साविक खरुक्याही गाउँ विकास समिति-४ का राजेन्द्र यादवमाथि समूहगत कुटपिट भएको थियो । गम्भीर घाइते भएका राजेन्द्रको उपचारका क्रममा मृत्यु भएको थियो। उक्त घटनाको योजना बनाउन ठकाइ यादवको संलग्नता रहेको प्रहरी को दाबी छ।

जिल्ला अदालत सिरहाले २०४६ साल पुस २५ गते यादवलाई दोषी ठहर गर्दै एक वर्ष कैद सजाय सुनाएको थियो। अदालतबाट सजाय तोकिएपछि उनी पक्राउ पर्नबाट जोगिँदै विभिन्न स्थानमा लुकीछिपी बस्दै आएको प्रहरीले जनाएको छ।

फरार अभियुक्तहरूको खोजी तथा पक्राउ अभियान अन्तर्गत यादवलाई ४३ वर्षपछि पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक पालले जानकारी दिनुभयो।

साइव अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल  इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखौ,  पासवडलाइ नियमित रुपमा पवितन गारै।
- अपर्चित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौ ।
- अपर्चित व्यक्तिले युर्जरनेम  पासवड मागे नदिऔ ।

ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद

- भिडियो वा अडियो कल नउठाऔ । त्यस्ता कल पटक पटक आए ब्लक गारै ।

आफना व्यक्तिगत विवणहरु (ओटिपी, युर्जरनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, राहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगारै, सुक्षित राखौं ।

बर्दिबास नगरपालिका
महोत्तरी, मधेश प्रदेश

# दाम्पत्य प्रेमको कामनासहित मनाइने मधुश्रावणी आज समापन ....

सबै कुरा बताएपछि क्रोध शान्त भएको प्रसङ्ग छ।

पार्वतीलाई खुसी तुल्याएपछि शिवले साउन महिनामा यी नागिनीको पूजा गर्नेलाई सर्पको भय नहुने वरदान दिएबाट मधुश्रावणी पर्वमा विषहराको पूजा विधान सुरु भएको लौकिक जनविश्वास छ। देवी गौरी दाम्पत्य जीवन सुखद बनाउने र सबै मनोकामना पूरा गर्ने मानिएको हुँदा नवविवाहिताले यसै अभिष्टका लागि यो व्रत सुरु गरेका मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झाको भनाइ छ।

प्राचीन वैदिक ग्रन्थ शिव पुराणमा कुष्ठरोग भएका आफ्ना पतिलाई ठिक गराउन मधुश्रावणी नाउँकी नवविवाहितालाई शिवले यो व्रत गर्न लगाएको प्रसङ्ग छ। शिवको आज्ञाअनुसार मधुश्रावणीका पति ठीक भएपछि पति कल्याण र आपसी सम्बन्ध प्रगाढताको कामना राखिने यो पर्व परम्परा चलेको विश्वास गरिन्छ।

बर्तालुले साउन कृष्ण चौथी (चतुर्थी) का दिन पवित्र स्नान गरेर चोखो नितो बनेपछि व्रत सङ्कल्प गर्दछन् । व्रत अवधिभरि मन पवित्र बनाएर सात्विक भोजन गर्नु पर्ने विधान छ। सधैँ दिउँसोपछि सूर्यास्त हुनपूर्व सखीसहेलीका साथ हाँस्दै, खिल्लिँदै र प्रणयभावका गीत गाउँदै 'फूल लोढी'मा निस्कनु र सङ्कलन गरिएका बेलपत्र र विभिन्न जातका फूल राति बासी राखेर भोलिपल्ट त्यसैले शिव, पार्वती र विषहराको पूजा आराधना गरेर कथा श्रवण गर्नु बर्तालुको पर्वअवधिको दैनिकी हुन्छ।

पर्वमा अटल सौभाग्यकी देवी मानिने गौरीको पूजाआराधनाका लागि छुट्टै नैवेद्य बनाउने चलन पनि छ। माइतीघरको आँगन वा अन्य सुरक्षित ठाउँमा बनाइएको खास मण्डप (अरिपन) मा बसेर त्यहीँ देवता स्थापित गरेर बर्तालुले यो पर्व मनाउँछन्। विवाहपछि माइत पुग्दा सखीसहेलीसँग हुने भेट र पर्व अवधिभरि सामूहिक गान र आपसी हासपरिहास हुने हुँदा नवविवाहिता मिथिलानीलाई यो पर्वको पर्खाइ हुने पाका मिथिलानी बताउँछन्। रासस

मिथिलाञ्चल क्षेत्रमका नवविवाहिता मिथिलानीले शनिबार मधुश्रावणी पर्व समापन गर्दैछन्।  मिथिलाञ्चलमा मौनापञ्चमी भनिने साउन कृष्ण पञ्चमीका दिन मिथिलानीले सुरु गरेका यो पर्व आज १३ औं दिन समापन गर्न लागेका हुन्। साउन कृष्ण पञ्चमीका दिन सुरु गरिने यो पर्व साउन शुक्ल त्रितीया तिथिका दिन समापन गर्ने मैथिल परम्परा छ।

पतिपत्नीबिच प्रगाढ प्रेम सम्बन्धको कामनाका साथ नवविवाहिता मिथिलानीले यो पर्व विवाह भएको वर्षमा मनाउने चलन छ। पतिले पठाइदिने पूजा सरदाम (सामग्री)बाट यो पर्व मिथिलानीले माइतीघरमा मनाउँछन्। पतिले पठाइदिने सामग्रीमा पर्वअवधिको  खाद्य सामग्री, नयाँ वस्त्र परिधान र आभूषण हुने गर्छ।

मिथिलामा नवविवाहिता वधुले साउन कृष्ण पञ्चमीदेखि साउन शुक्ल द्वितीयासम्म व्रत विधानमा रही १२ औं दिनको राति देब्रे घुँडामा 'टेमी' (कपासको कातेको बत्ती बालेर त्यसको लप्कोले घुँडा डाम्ने चलन) लिएर भोलिपल्ट तृतीयाका दिन पर्व सम्पन्न गर्ने परम्परा छ। यसअनुसार शुक्रबार राति बर्तालुले 'टेमी' लिएका छन्। 'टेमी' दिइएको ठाउँमा फोका उठे पति पत्नीबीच प्रेमसम्बन्ध अत्यन्त गाढा हुने विश्वास रहेको भङ्गाहा-३ की यस वर्षकी बर्तालु रञ्जु कर्ण बताउनुहुन्छ।

पछिल्ला केही वर्षयता भने नयाँ पुस्ताका मिथिलानीले 'टेमी' लिन बलेको बत्तीको लप्काले डाम्नुको सट्टा शीतल चन्दनको लेप लगाउन थालेका छन्। घुँडा डाम्नुसँग गाढा प्रणयसम्बन्धको कुनै सम्बन्ध नरहेको बताउँदै नयाँ पुस्ताका मिथिलानीले पर्वको महत्तालाई निरन्तरता दिँदै चन्दन लेप गर्न थालेका हुन्। 'टेमी'लाई परिष्कृत गरिएको नयाँ चलन उपयुक्त रहेको शिक्षण पेसामा रहनुभएकी गौशाला-१२ की सुनिता महतोको भनाइ छ। 'टेमी' विधि घर परिवारका सबैभन्दा श्रेष्ठ महिलाका हातबाट गराइने चलन छ।

पर्व अवधिभरि भगवान् शङ्कर, देवी गौरी (पार्वती) र विषहरा (नाग देवता)को आराधना गरिन्छ। पर्वमा बस्तीभरिकै नवविवाहित जम्मा भएर हासपरिहास र सामूहिक गायनमा रमाउँछन्। यो पर्वमा बर्तालु र उनका सखीको वस्त्र परिधानको सजधज, सामूहिक प्रणयगान र 'फूल लोढी' (फूल खोज्ने) विधिले सबैको ध्यान खिच्ने गरेको छ। शिव, पार्वती (गौरी) र विषहराको आराधना गरिने यो पर्वमा भोलिपल्टको पूजाअर्चनाका लागि एक दिनअघिको सन्ध्याकालमा सामूहिकरूपमा फूल खोज्न निस्कने विधिलाई 'फूललोढी' भन्ने गरिएको छ। पर्वमा भगवान् शङ्कर र देवी गौरीलाई बासी फूल चढाउने चलन छ। पर्व समापन भएपछि बर्तालुले पर्व अवधिभरि दिनहुँ पूजा गरिएका बेलपत्र र फूल सङ्ग्रह गरेर पवित्र नदी वा तलाउमा विसर्जन गर्छन्।

यो पर्वको मुख्य अभीष्ट नै पतिपत्नीबीच सुमधुर प्रेमसम्बन्ध हुँदा यसले मैथिल संस्कृति र पारिवारिक सद्भाव वृद्धिमा सघाउ पुऱ्याएको मैथिल लोक संस्कृतिका जानकार मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) का मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ।

वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपिल गर्ने मौसम मानिन्छ। वनको पन्छी मयूर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन्। यस्तो बेला नवविवाहिता जोडीबीच रतिरागदेखि भावनात्मक रूपमा एकाकार गराउनु पर्वको मुख्य पक्ष रहेको उपप्राध्यापक झाको भनाइ छ।

पहिले मिथिलाका ब्राह्मण, कायस्थ, देव र सोनार जातिका महिलाले मात्र मनाउने यो पर्व अब साझा भइसकेको छ। फरक भाषा , संस्कृति र परम्पराका समुदायको छ्यासमिस बसोबासले एकअर्काका चाडवाड अप्नाउने चलन बढ्दो छ । यसैले पछिल्ला वर्षहरुमा मधुश्रावणी मिथिलाको साझा पर्व बन्दै गएको जलेश्वर-५ चौरियाकी बासिन्दा माध्यमिक विद्यालयका सामाजिक शिक्षक नायडु तिवारी बताउनुहुन्छ।

पर्वमा शिव, पार्वती (मधुश्रावणी व्रत विधानमा पार्वतीलाई गौरी नाम दिइएको छ) र विषहराको दैनिक पूजाआराधना गरेपछि बर्तालुलाई घरकी ज्येष्ठ महिलाले मधुश्रावणी कथा सुनाउँछन्।

यिनमा पौराणिक गाथामा आधारित मैना पञ्चमी, विषहरि, विहुला, मनसा, मङ्गला गौरी, पृथ्वीको जन्म, समुद्र मन्थन र सतीको कथा हुने गर्छन् । पर्वमा आफ्नो स्खलित भएको वीर्य भगवान् शङ्करले पातमा राखेका र त्यही वीर्यबाट पाँच नाग कन्याको जन्म भएको कथा प्रचलित छ। कुनै तलाउमा जलक्रिडाका बेला जन्मेका यी छोरी भेट्न शिव जाने गरेको र यो वृत्तान्त थाहा नपाएकी पार्वतीलाई पतिप्रति शङ्का बढेपछि पिछा गरेकी कथा छ । एकदिन छोरीहरुसँग खेलिरहेका पतिलाई देखे पछि क्रोधित भएकी पार्वतीलाई शिवले सबै कुरा बताएपछि क्रोध शान्त भएको प्रसङ्ग छ।

पार्वतीलाई खुसी तुल्याएपछि शिवले साउन महिनामा यी नागिनीको पूजा गर्नेलाई सर्पको भय नहुने वरदान दिएबाट मधुश्रावणी पर्वमा विषहराको पूजा विधान सुरु भएको लौकिक जनविश्वास छ। देवी गौरी दाम्पत्य जीवन सुखद बनाउने र सबै मनोकामना पूरा गर्ने मानिएको हुँदा नवविवाहिताले यसै अभिष्टका लागि यो व्रत सुरु गरेका मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झाको भनाइ छ।

प्राचीन वैदिक ग्रन्थ शिव पुराणमा कुष्ठरोग भएका आफ्ना पतिलाई ठिक गराउन मधुश्रावणी नाउँकी नवविवाहितालाई शिवले यो व्रत गर्न लगाएको प्रसङ्ग छ। शिवको आज्ञाअनुसार मधुश्रावणीका पति ठीक भएपछि पति कल्याण र आपसी सम्बन्ध प्रगाढताको कामना राखिने यो पर्व परम्परा चलेको विश्वास गरिन्छ।

बर्तालुले साउन कृष्ण चौथी (चतुर्थी) का दिन पवित्र स्नान गरेर चोखो नितो बनेपछि व्रत सङ्कल्प गर्दछन् । व्रत अवधिभरि मन पवित्र बनाएर सात्विक भोजन गर्नु पर्ने विधान छ। सधैँ दिउँसोपछि सूर्यास्त हुनपूर्व सखीसहेलीका साथ हाँस्दै, खिल्लिँदै र प्रणयभावका गीत गाउँदै 'फूल लोढी'मा निस्कनु र सङ्कलन गरिएका बेलपत्र र विभिन्न जातका फूल राति बासी राखेर भोलिपल्ट त्यसैले शिव, पार्वती र विषहराको पूजा आराधना गरेर कथा श्रवण गर्नु बर्तालुको पर्वअवधिको दैनिकी हुन्छ।

पर्वमा अटल सौभाग्यकी देवी मानिने गौरीको पूजाआराधनाका लागि छुट्टै नैवेद्य बनाउने चलन पनि छ। माइतीघरको आँगन वा अन्य सुरक्षित ठाउँमा बनाइएको खास मण्डप (अरिपन) मा बसेर त्यहीँ देवता स्थापित गरेर बर्तालुले यो पर्व मनाउँछन्। विवाहपछि माइत पुग्दा सखीसहेलीसँग हुने भेट र पर्व अवधिभरि सामूहिक गान र आपसी हासपरिहास हुने हुँदा नवविवाहिता मिथिलानीलाई यो पर्वको पर्खाइ हुने पाका मिथिलानी बताउँछन्। रासस

मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो ।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौँ ।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस् ।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस् ।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस् ।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौँ ।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔँ ।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔँ ।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौँ ।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔँ ।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौँ ।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो ।
- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौँ।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौँ।
- "सचेत नागरिक बनौँ, मानव बेचबिखन रोकौँ; सुरक्षित समाज निर्माणमा सबैको सहभागिता बढाऔँ।"

वटेश्वर गाउँपालिक, धनुषा , मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014